# मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली
३ नं. प्रदेश, नेपाल

### आन्तरिक कर विटौरी (हाटबजार) कर सम्बन्धी सूचना
(दोस्रो पटक प्रकाशित मिति २०७५/०६/०३)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद- ३ को दफा ११ को उप-दफा २ (घ) मा भएको व्यवस्था अनुसारको, यस गाउँपालिकाको मिति २०७५/०४/२८ गते बसेको गाउँ कार्यपालिकाको बैठकवाट अन्तरिक कर संकलनको लागि ठेक्का व्यवस्था गर्ने सम्बन्धी भएको निर्णय अनुसार देहायको उल्लेखित स्थानहरुवाट विटौरी (हाट बजार कर) कर उठाउनको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्था (स्थायी लेखा नम्बर (पान) लिएका) तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही दोस्रो पटक यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र शिलबन्दी पेश गर्नु हुन सार्वजनिक गरिएको छ ।

१. विटौरी (हाटबजार) करको लागि :

| ठेक्का नं. | ठेक्काको क्षेत्र | न्युनतम बोल कवोल रकम |
|---|---|---|
| १/०७५/०७६ | भालुमारा बजार | ८०,०००।- |
| २/०७५/०७६ | बढीमुहान बजार | ८०,०००।- |

शर्त तथा बन्देज :

१. इच्छुक योग्य व्यक्ति, फर्म वा संस्थाहरुले रमक रु १०००।-(एक हजार मात्र) दस्तुर बझाई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय सम्ममा लिखित निवेदन दिएर फर्म खरिद गर्न सकिनेछ । ७ औं दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट फर्म खरिद गर्न सकिनेछ ।

२. खरिद भएको फर्मको सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको ठिक १२ बजे सम्म खामबन्दी गरी यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । तोकिएको समयमा दर्ता हुन आएको फर्महरु सोही दिन दिनको ठिक २:०० बजे कार्यालयमा खोलिनेछ ।

३. ठेक्का परेको व्यक्ति, फर्म वा संस्थाले कबोल अंकको ५० प्रतिशत रकम अग्रिम भुक्तानी गर्नु पर्ने र बाँकी ५० प्रतिशत रकम सम्झौता भएको ६ महिना पछी जम्मा गर्नु पर्ने छ ।

४. बढीमुहान बजारमा निर्मित घरहरुको मासिक विटौरी कर पनि न्युनतम बोल कवोल रकम भित्र समावेश गरिएको छ ।

२०७५।६।३

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत